अङ्क 31

DeKalb County School District का परिवारहरूलाई अभिवादन,

मैले आशा गरेको छु कि तपाईंले यो हप्ता राम्रोसँग बिताउनु भयो । अप्रिल महिनामा प्रवेश गर्दै गर्दा र वसन्त विश्रामको तयारी गर्दै गर्दा, म कोभिड-19 को संक्रमणको जोखिम कम गर्न सबैलाई आ-आफ्नो जिम्मेवारी पूरा गर्नुहोस् भनी आग्रह गर्न चाहन्छु । मलाई थाहा छ कि हामी सबैजना सामान्य अवस्थामा फर्किन आतुर छौं तर हामी दृढ हुनु पर्दछ र हामीले सामाजिक दूरी अभ्यास गरिरहनु पर्दछ, मास्क लगाइरहनु पर्दछ, हात धोइरहनु पर्दछ, र Centers for Disease Control and Prevention द्वारा जारी गरिएको संक्रमण न्यूनिकरणका रणनीतिहरू पालना गरिरहनु पर्दछ ।

कृपया विश्रामका दौडान सुरक्षित रहनुहोला । हामीले तपाईं अप्रिल 12 मा विद्यालयमा फर्किनु हुनेछ भनेर आशा गरेका छौं ।

वसन्त विश्रामका लागि खाद्यान्न वितरण

DCSD ले अप्रिल 3, 2021, आइतबारका दिन, बिहान 11 बजे देखि दिउँसो 2 बजेसम्म Administrative & Instructional Complex को अन्तर्राष्ट्रिय केन्द्र छेउमा वसन्त विश्रामको लागि खाद्यान्न वितरण गर्ने कार्यक्रम आयोजना गर्न गइरहेको छ । डिस्ट्रिक्टले परिवारहरूलाई Atlanta Community Food Bank बाट प्राप्त ताजा उत्पादन तथा फ्रोजन मिल बक्स वितरण गर्नेछ । बक्समा सात दिनको खाना हुनेछ र जम्मा 2,100 बक्स वितरण गरिनेछ ।

अभिभावकलाई पार्किङ लटमा सङ्केत मार्फत निर्देशन प्रदान गरिनेछ । ड्राइभ-थ्रुका दौडान परिवारहरू आफ्नै गाडीमा बस्नु पर्दछ, र विद्यालयको पोषण सेवाका कर्मचारीहरूले गाडीको डिक्कीमा सामानहरू राख्ने छन् ।

थप जानकारीका लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस् ।

कोभिड-19 को परीक्षण

हामीले हाम्रा कर्मचारी, विद्यार्थी, तथा परिवारहरूको लागि कोभिड-19 को परीक्षण गराउने मिति तय गरेका छौं । Bethune Middle School र Cross Keys High School मा सोमबार र मङ्गलबारका दिन, बिहान 10 बजे देखि बेलुका 5 बजेसम्म र Doraville United Elementary School मा बिहीवारका दिन, बिहान 10 बजे देखि बेलुका 5 बजेसम्म परीक्षण उपलब्ध हुनेछ । अन्य स्थानहरू भविष्यको मितिको लागि विचार गरिएको छ।

हामीले आशा गरेका छौं कि परीक्षण प्रदान गर्न Top Dog Solutions, Inc. सँगको साझेदारीले निरन्तरता पाउँछ । परीक्षणको विकल्पले विद्यालय समुदायका लागि एउटा सेवा प्रदान गर्छ र हाम्रा कर्मचारी तथा विद्यार्थीहरूलाई सुरक्षित राख्दै हामीलाई अग्रसक्रिय रहन सहयोग गर्छ । हामी खोप लगाउन चाहेका व्यक्तिहरूका लागि खोपको पहुँच र जानकारी प्रदान गर्न  प्रतिबद्ध छौं ।

दर्ता गर्न यहाँ क्लिक गर्नुहोस् ।

टाउन हल बैठक

हामी सबैजना के कुरा सहमत हुन सक्छौं भने विद्यार्थीले हासिल गर्ने नतिजाहरूमा ध्यान केन्द्रित गर्नु र अर्को वर्षको लागि प्रत्यक्ष शिक्षणको योजनामा ध्यान केन्द्रित गर्नु एकदम महत्त्वपूर्ण छ। DCSD को समुदायबाट शैक्षिक वर्ष 2021/2022 का सम्बन्धमा राय तथा विचारहरू सङ्कलन गर्ने प्रयास स्वरूप, हामी अप्रिल 27 देखि 29 सम्म क्षेत्रीय/सामुदायिक टाउन हल बैठक सञ्चालन गर्ने छौं। DCSD ले विद्यार्थीहरूको शैक्षिक, सामाजिक, भावनात्मक, तथा व्यवहारगत आवश्यकताहरूलाई विचार गरिरहेको छ।

कुनै परिवारले भर्चुअल लर्निङको विकल्प चयन गरेको खण्डमा, हामी विद्यार्थीहरू प्रत्यक्ष शिक्षण (शिक्षकले नेतृत्व गरेको वास्तविक समयको प्रत्यक्ष शिक्षण) र अप्रत्यक्ष शिक्षणमा (शिक्षकले नेतृत्व गरेको वास्तविक समयको नभइ अनलाइन शिक्षणमा) पूर्ण रूपमा सहभागी हुन्छन् भनेर सुनिश्चित गर्न चाहन्छौं। यी टाउन हल बैठकहरूले हामीले हाम्रा विद्यार्थी तथा उनीहरूको परिवारहरूलाई कसरी प्रभावकारी रूपमा सहयोग गर्न सक्छौं भन्ने बारेमा जानकारी प्रदान गर्छ।

हामी आउने हप्ताहरूमा टाउन हल बैठकको बारेमा थप जानकारी प्रदान गर्ने छौं।

## बोनस

गत हप्ता, मैले State Board of Education ले किन्डरगार्टन देखि ग्रेड 12 का सार्वजनिक विद्यालयहरूका शिक्षक तथा शैक्षिक सहायता कर्मचारीहरूलाई एक पटकका लागि $1,000 बराबरको बोनस भुक्तानी प्रदान गर्ने प्रस्ताव अनुमोदन गरेको छ भनेर उल्लेख गरेको थिए। म DCSD ले योग्यता पूरा गरेका कर्मचारीहरूलाई भुक्तानीको रकम बढाउने निर्णय गरेको छ भनेर घोषणा गर्न पाउँदा खुसी छु। DCSD ले विद्यार्थीहरूका लागि कर्मचारीहरूले दिएको योगदानलाई कदर गर्छ। त्यसकारण, हामीले बोनस रकम वृद्धि गरेका छौं र अब योग्यता पूरा गरेका कर्मचारीहरूले $1,000 र $500 प्राप्त गर्ने छन्। भुक्तानी कति रकम झिक्न मिल्छ भन्ने कुराको अधीनमा रहनेछ। यद्यपि, कटौती गरिएको रकम अगामी पेरोलमा भुक्तानी गरिनेछ।

हामी अर्को हप्ता देखि फरक-फरक समयमा यो बोनस रकम वितरण गरेर हाम्रो सम्मान अभिव्यक्त गर्ने छौं।

## नृत्य/ग्रेड 12 का विद्यार्थीहरूको क्रियाकलापहरू

डिस्ट्रिक्टले आफ्ना भवनहरू खुला गरेको छ। तर पनि, धेरै विद्यालयहरूले परम्परागत नृत्य जस्ता प्रत्यक्ष क्रियाकलापहरूको योजना बनाएका छैनन् र उनीहरूले बक्यौता रकम तथा शुल्क पनि उठाएका छैनन्। वर्तमान रूपमा कार्यान्वयन गरिएको स्वास्थ्य तथा सुरक्षासम्बन्धी निर्देशिकाका आधारमा, र योजना बनाउने समय अभावले, यो वर्ष परम्परागत नृत्यको क्रियाकलापलाई अनुमति दिइने छैन।

ग्रेड 12 का विद्यार्थीहरूको सप्ताहका क्रियाकलापहरूको सम्बन्धमा नयाँ खालका सुझाव तथा निर्देशनहरू तयार गर्न उच्च विद्यालयका प्रधानाध्यापकहरूको एउटा समूहले कोभिड-19 को विशेषज्ञ टोली, विद्यार्थी नेतृत्वकर्ता, परिवार तथा कर्मचारीहरूसँग सहकार्य गर्ने छन्। यो सप्ताहको ध्यान ग्रेड 12 का विद्यार्थीहरूका लागि अविस्मरणीय अनुभव सिर्जना गर्ने कुरामा केन्द्रित हुनेछ।

## म्याग्ना पुरस्कार (Magna Award)

म डिस्ट्रिक्टलाई, विशेष गरी अभिभावक तथा पारिवारिक संलग्नता विभागलाई National School Boards Association (NSBA) को 2021 को म्याग्ना पुरस्कार (Magna Award) विजेता बनेकोमा बधाई दिन चाहन्छु। DCSD ले सत्ताइसौं (27th) वार्षिक म्याग्ना

पुरस्कार कार्यक्रममा पहिलो स्थानको विजेता बन्दै समता प्रतिको आफ्नो प्रतिबद्धताका लागि सम्मान पाएको छ। DCSD देशभरिबाट यो सम्मान पाउने 15 विजेताहरू मध्ये एक विजेता —तीनवटा मुख्य पुरस्कार विजेता, र 12 स्थानमा पहिलो विजेता—बनेको छ।

अभिभावकको व्यक्तिगत तथा व्यवसायिक विकासमा ध्यान केन्द्रित गर्ने DCSD को अभिभावक तथा पारिवारिक संलग्नताको IMPACT नमुनाले धारा (Title) 1 को विद्यार्थी शैक्षिक सहायता तथा नियमन भन्दा बाहिर गएर सेवा विस्तार गरेको छ। यो कामले अभिभावकहरूलाई समयसँगै आफ्नो बच्चाको शिक्षामा सक्रिय योगदानकर्ताको रूपमा सहभागी गराउने र योगदानकर्ता बन्न प्रेरित गर्ने (Involving and Motivating Parents to be Active Contributors over Time वा IMPACT) कुरामा ध्यान केन्द्रित गर्छ। यो टोलीले परिवारहरू विद्यार्थीको प्रगतिमा कसरी, कति बेला, र कहाँ सहभागी हुन सक्छन् भन्ने कुरालाई प्रभावित गर्ने सबैभन्दा अत्यावश्यक क्षेत्रहरूका समस्याहरू सम्बोधन गर्छ।

अभिभावकहरूलाई आफ्नो विद्यार्थीको शैक्षिक क्यारियरमा सहभागी गराउन ध्यान केन्द्रित गर्दै परिवारहरूलाई सहयोग गर्ने डिस्ट्रिक्टको अभियान सुधार, शिक्षा तथा उपलब्धिको अन्तर सम्बोधनका लागि अति महत्त्वपूर्ण रणनीति बनेको छ। हामी यो पुरस्कार प्राप्त गर्न योग्य छौं। फेरि पनि बधाई छ !

पारलैङ्गिक दृश्यताको अन्तर्राष्ट्रिय दिवस (International Transgender Day of Visibility)

मार्च 31 मा, विश्व भरीका पारलिङ्गी तथा गैर-द्वयसांख्यिक लैङ्गिक पहिचान भएका व्यक्तिहरूले पारलैङ्गिक दृश्यताको अन्तर्राष्ट्रिय दिवस मनाउँछन्। Michigan का पारलिङ्गी अभियन्ता र Transgender Michigan का कार्यकारी निर्देशक Rachel Crandall ले 2009 मा Transgender Day of Visibility (TDOV) स्थापना गरेका थिए। यो पारलिङ्गी तथा आफूलाई फरक लिङ्गीको रूपमा चिनाउने व्यक्तिको सफलता र दृश्यताको सम्मानमा सचेतना फैलाउने दिनको रूपमा सुरु गरिएको थियो र यो LGBTQ समुदायका लागि महत्त्वपूर्ण दिन हो।

DCSD ले LGBTQ समुदायका सदस्यहरूको रूपमा रहेका हाम्रा सबै विद्यार्थी, शिक्षक, कर्मचारी सदस्य तथा हाम्रा समुदायका व्यक्तिहरूलाई सम्मान गर्छ।

कृपया सुरक्षित रहन नबिर्सनुहोस्, र वसन्त विश्राम खुसी साथ बिताउनुहोस्।

भवदीय,

Mrs. Cheryl Watson-Harris